# राष्ट्रिय चाड-पर्व तथा दिवसहरूमा नयाँ नोट सटही गर्नेसम्बन्धी सूचना !

मुलुकका विभिन्न क्षेत्रमा बसोबास गर्ने विविध जातजाति तथा भाषाभाषीहरूले मनाउने विभिन्न चाड-पर्व तथा राष्ट्रिय दिवसहरू जस्तै : नववर्ष, उभौली पर्व/बुद्धजयन्ती, गाईजात्रा, गौरा पर्व, हरितालिका तीज, संविधान दिवस, गणतन्त्र दिवस, इन्द्रजात्रा, जितिया पर्व, तिहार, छठ पर्व, फाल्गुनन्द जयन्ती, गुरु नानक जयन्ती, उधौली पर्व/योमरी पुन्हि–ज्यापु दिवस, क्रिसमस, ल्होसार, माघी पर्व, महाशिवरात्री, फाल्गु पूर्णिमा, घोडेजात्रा, ईद आदि राष्ट्रिय चाड-पर्व तथा राष्ट्रिय दिवसहरूमा नयाँ नोट सटही गर्न चाहने सम्बन्धित पक्षहरूले नेपाल राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभागलगायत उपत्यका बाहिरका यस बैंकका विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी कार्यालयहरूबाट समेत नयाँ नोट सटही गर्न सकिने व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**नेपाल राष्ट्र बैंक**
**मुद्रा व्यवस्थापन विभाग**
**थापाथली, काठमाडौं**

**पूजाआजा गर्दा अथवा कुनै काम गर्दा मैलिएका,**
**रङ्ग लगाइएका, पानीले भिजेका हातहरूले सकेसम्म नोट नछोऔं ।**
**आफूलाई आवश्यक भन्दा बढी नोट बैंकमा जम्मा गर्ने बानी बसालौं !!**

**'नोट राष्ट्रको सम्पत्ति हो, यसको हिफाजत गरौं !'**